जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- २५, २०८२ माघ १ गते विहीबार, 15 Jan 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

चालकमाथी निगरानी



लागुऔषध प्रयोगकर्ता ११ जना चालक पक्राउ

○सरिता दाहाल

मकवानपुर । सुरक्षित यात्रा जीवनको सबैभन्दा महत्वपूर्ण पाटो हो ।

कहिले सडकको चापमा चालकको लापर्वाही त कहिले जिर्ण सडक, कहिले तिव्र गति र कहिले पहिरोलगायतको प्राकृतिक र मानवीय कारण यात्राकै क्रममा यात्रुको जीवनको अन्त्य हुने गरेको छ । प्राकृतिक कारण हुने क्षति न्यूनिकरणको लागि सरोकारवाला निकायबाट पहल/प्रयास कम भएको गुनासाहरू आइरहेको बेला सवारी चालकको लापर्वाहीकै कारण हुने दुर्घटनालाई भने नियन्त्रण गर्न भरपर्दो प्रयास आवश्यक छ ।

केही यस्ता स्थानहरू छन् जुन वर्षौदेखि दुर्घटनका हुने स्थानको रूपमा परिचित छन् तर रोकथामको उपाय अबलम्बन नै गरिएको छैन । मकवानपुरको भिमफेदी गाउँपालिका ६ को जुरूखेत यस्तै जोखिमपूर्ण स्थानको रूपमा चिनिएको विन्दु हो । यो मकवानपुरको हेटौंडाबाट काठामाण्डौ जाने छोटो मार्ग हो ।काठमाण्डौ जाँदा ठाडो उकालो र फर्कदा डरलाग्दो ओरालो स्थान जुरीखेतमा पटक पटक दुर्घटना भएका छन् ।

यात्राको क्रममा मोटरसाइकल, स्कुटर र सुमो, कुखुरा बोक्ने गाडीहरू बढी दुर्घटना हुने गरेका छन् । पछिल्लो पटक २० पुसमा काठमाडौबाट हेटौंडा फर्कदै गरेको सुमो यही स्थानमा दुर्घटना हुँदा ६ जानको ज्यान गयो । सुमोमा सवार अन्य ३ जना अझै पनि अस्पतालको शैयामा छटपटाइ रहेका छन् । उनीहरूको सघन उपचार कक्षमा उपचार जारी छ ।

२० पुसमा भीमफेदी गाउँपालिका ६ स्थित जुरिखेतमा काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको ना १ ज १७८८ नम्बरको हाम्रो सुमोसेवा कम्पनीको ठाटा सुमो दुर्घटना भएको थियो । सुमो दुर्घटना भएको १४ घण्टासम्म प्रहरीले यात्रुहरूको पहिचान गर्न सकेको थिएन ।

यात्रुलाई टिकटको व्यवस्था गर्ने, काउन्टरमा चलानि विवरण राख्ने जस्ता सवालमा लापर्वाही गरिएको कारण पहिचान खुलाउन प्रहरीलाई समस्या भएपछि मकवानपुरको स्थानीय प्रशासनले चासो देखायो ।

घटनाको २४ घण्टापछि जिल्ला प्रशासन कार्यालय मकवानपुरले यातायात व्यवसायिहरूसँग सामुहिक बैठक राखेर समाधानको उपाय खोज्दै व्यवसायप्रति गम्भिर हुन निर्देशन जारी गर्‍यो ।

प्रत्येक दुर्घटना लगत्तै प्रत्येकपटक चौतर्फी दबाबका आवाजहरू सुनिने र विस्तारै ति आवाज मलिन हुदै जाने गरेको कारण यस्ता घटनाको दीर्घकालिन रोकथाममा समेत पहल भएको छैन ।

पछिल्लो दुर्घटनपछि भने स्थानीय प्रशासनले सुमो चालक कम्पनीहरूलाई पत्र काढेर व्यवासयप्रति जवाफदेही हुन निर्देशन दिएको प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले बताए ।

यो सवाल स्थानीय प्रशासन मात्रै लागेर संभव छैन, हाम्रो समन्वय त हुन्छ नै, प्रदेशको यातायत मन्त्रालयले ठोक कदम चाल्नु पर्ने देख्दछु" प्रजिअ अधिकारीले भने ।

लगत्तै सुमो चालकहरूको लापवाहिलाई नियन्त्रण गर्न चालकमाथि निगरानी बढाएको छ ।

पछिल्लो पटक स्थानीय प्रशासनको समन्वयमा सुमो चालकहरूको जाँच सुरू गरेको छ । चालकहरूको जाँच गर्दा चालकहरूले लागु औषध प्रयोग गर्ने गरेको पाइएको छ । हेटौंडा कुलेखानी काठमाडौं छोटो दूरीको मार्गमा चल्ने सुमोका चालकहरुले लागुऔषध प्रयोग गर्ने गरेको पाइएको छ ।

सवारीसाधन चलाउँदा सुमो तथा ईभी यात्रुवाहक सवारी चालकहरुले लागुऔषध सेवन गरेर पाइएको हो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुर, इलाका प्रहरी कार्यालय भीमफेदी, जिल्ला जनस्वास्थ्य कार्यालय हेटौंडा र सवारी यान्त्रिक परीक्षण कार्यालय हेटौंडाको संयुक्त टोलीले चेक जाँचका क्रममा उक्त तथ्य फेला परेको हो ।

मंगलबार भीमफेदी अस्पतालका चिकित्सक डा. प्रवीण पाठकसहित टोलीले १११ जना सवारी चालकको पिसाब परीक्षण गर्दा ११ जनाले लागुऔषध सेवन गरेको पाइएको हो । इलाका प्रहरी कार्यालय भीमफेदीका प्रहरी निरीक्षक सन्त श्रेष्ठका अनुसार लागुऔषध सेवन गर्ने ११ जनामध्ये ९ जना सार्वजनिक यातायातका चालक रहेका छन् । उनीहरुलाई पक्राउ गरिएको प्रहरी निरीक्षक श्रेष्ठले बताए ।

पक्राउ पर्नेमा ६ जना सुमो चालक र ३ जना ईभी (विद्युतीय) सवारी चालक रहेको र अन्य ३ जना भने फलफूल र माछा बोक्ने सवारी साधनका चालक र हेको उनले बताए ।

पहाडी क्षेत्रको घुमाउरो र साँघुरो सडकमा सवारी दुर्घटना बढ्न थालेपछि ट्राफिक प्रहरीको समन्वयमा चालक र सवारीको विशेष परीक्षण सुरू गरिएको उनको भनाइ छ । यात्रुको जीउधनलाई जोखिममा पार्दै लापरवाहीपूर्वक सवारी चलाउने ती चालकहरुलाई प्रहरीले नियन्त्रणमा लिई उनीहरुमाथि कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउने उनले बताए ।

हेटौंडा उपमहानगरपालिका वडा ११ को सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ । *बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।*

मुलुकी अपराध संहिता २०७४ अनुसार

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन, (दफा १७३) । यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । *विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।* त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं ।

सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं ।

११ नम्बर वडा कार्यालय, हेटौंडा उपमहानगरपालिका

इन्साइड ---- स्टोरी

सांस्कृतिक शीतलहर भित्रको स्त्री-देह



विचार _____

शान्ति प्रियवन्दना

स्त्रीले आफ्नो पीडा लुकाएर बाँच्नु कर्तव्य होइन, समाजले थोपरेको दमन हो, र प्रतिरोध गरेर बोल्नु नै परिवर्तनको सुरुवात हो भन्ने सन्देश लेखमा दिइएको छ ।

पेज २ मा

मकवानपुरको राक्सिराङ देशको छैटौं गरिब स्थानीय तह

हेटौंडामा तिलहरी चरा भेटीयो

पेज ३ मा


'आफ्नो अज्ञानता उजागर गर्न कविता लेख्छु'



अन्तरर्वाता

पेज ४ मा

सडक विस्तार योजना, पेसी सरेको सरेर्‍यौ



पेज ६ मा

जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

मिटामिन 'डी'को परिपुरण कसरी

मिटामिन डी मानव स्वास्थ्यको लागि अपरिहार्य तत्व हो । यसको अभावले मानव स्वास्थ्यमा हड्डी सम्बन्धि विभिन्न समस्याहरू देखा पर्ने हुन्छन् । मिटामिन 'डि' प्राकृतिक स्रोत सूर्यको किरण हो । तर जाडोको समयमा घामको अपयाप्ततालेे गर्दा मिटामिन डीको कमी हुने समस्या हुन्छ । एकातिर चिसो मौसममा घाम कम लाग्छ, सूर्यदय र सूर्यास्तको समय पनि कम हुन्छ, अर्कोतिर चिसो बढेसँगै मानिसहरु घर भित्र सीमित हुने, बाक्लो लुगा लगाउने र घाममा बस्ने समय घट्ने हुँदा शरीरमा प्राकृतिक रुपमा मिटामिन डी उत्पादन हुने प्रक्रिया प्रभावित हुन्छ।

मिटामिन डी हड्डी बलियो बनाउन, मांसपेशी सुदृढ राख्न र रोग प्रतिरोधात्मक क्षमता बढाउन अत्यावश्यक तत्व हो। यसको कमीले हड्डी दुख्ने, थकान, बालबालिकामा रिकेट्स तथा वृद्धवृद्धामा अस्टियोपोरोसिसजस्ता समस्या निम्त्याउन सक्छ। पछिल्ला अध्ययनहरुले मिटामिन डीको कमीले मानसिक स्वास्थ्य र दीर्घ रोगसँग समेत सम्बन्ध राख्ने देखाएका छन्।

यस समस्याको समाधानका लागि व्यक्तिगत सचेतना मात्र होइन, सार्वजनिक स्वास्थ्य नीतिमा पनि ध्यान दिन आवश्यक छ। बिहानको कोमल घाममा नियमित रुपमा बस्ने बानी विकास गर्नुपर्छ।मिटामिन डी युक्त खानाको प्रयोग बढाउनुपर्छ । जोखिम समूहका लागि स्वास्थ्य परीक्षण र आवश्यक परे सप्लिमेन्टको व्यवस्था गर्नुपर्छ। चिसो मौसमलाई केवल असहजताको रुपमा मात्र होइन, संभावित स्वास्थ्य जोखिमको संकेतका रुपमा बुझेर समयमै सचेत हुनु जरूरी छ ।

सांस्कृतिक शीतलहर भित्रको स्त्री-देह



शान्ति प्रियवन्दना

शीतलहरले तराई आक्रान्त भएका खबरहरू सञ्चारमाध्यमका हेडलाइन बनिरहेका छन् । जनजीवन ठप्प र मृत्युका खबर समाचारहरूले मेरो स्मृतिमा परालको धूवाँसँगै जाडोलाई चुनौती दिने अटेरी गाउँका दृश्य उदाए– साना बालबालिकादेखि वृद्धवृद्धासम्म चोक-आँगनमा पराल बालेर घुर तापिरहेको दृश्य, पातला लुगा, कालो कम्बल, धूवाँले कालो-सेतो भएका अनुहार ...। महिलाहरू जाडोले अझ बढी काँपिरहेका हुन्थे किनकि सदियौंदेखि उनीहरूका शरीर मात्रै होइन, आवाज पनि समाजले चिस्याउँदै आएको छ ।

हेटौंडामा तुलनात्मक रूपमा न्यानो हुन्छ । बिहान केहीबेर हुस्सुको बर्को ओढे पनि हेटौंडाले बिस्तारै बर्को फुकाउँदै जान्छ । यहाँको तातोले बेरेको मेरो शरीर तराई झर्न चाहँदैनथ्यो । जिन्दगीका स्थायी तथा भैपरि आउने कर्तव्यको चक्रमा शरीरले चाहेको स्वतन्त्रता कहाँ दिन्छ र । जानु त थियो नै थप कर्तव्य पूरा गर्न ।

एक बिहान ७ बजे हामीले हेटौंडा छोडेका थियौं । रातोमाटे कटेर चुरियामाईको मन्दिर पुग्दा नपुग्दै हुस्सुकै संसार भेटियो, ठ्याक्कै हाम्रो समाज जस्तै– धूवाँले छोपेको, देखे पनि नदेखेजस्तो, कहिल्यै स्पष्ट हुन नदिइएको जस्तो ।

पथलैया कटेपछि त बाटै नदेखिने गरी हुस्सु बाक्लियो । हामी त्यस दिन गन्तव्यसम्म ढिलो गरी पुग्यौं । कहिलेकाहीं म सोच्थें– कतिपय महिलाको जीवनयात्रा पनि यस्तै हुस्सु जस्तै त हुन्छन्- लुकाइएका, नदेखिने, बुझ्नै नसकिने ।

बाटो छेउका खाना खाने होटलमा पनि चुलोछेउ उभिएर आगो तापिरहेकाहरू छन्, जो शीतलहरको मात्रै नभई देशकै राजनीतिक, आर्थिक, धार्मिक, सांस्कृतिक विषयवस्तुमा तर्कवितर्क गर्न भ्याउँथे ।

त्यस दिन हाम्रो टिम यौन स्वास्थ्य सेवा शिविर सञ्चालन गर्न चन्द्रनिगाहपुर पुगेको थियो । अत्यधिक चिसोले होला, मानिस कम थिए । मैले एचआईभी काउन्सिलिङ कक्षमा एक जना महिला पठाएको पाएँ । चौबीस-पच्चीस वर्षकी जस्तो देखिने उनी सामान्य पोसाकमा थिइन् । पछ्यौराले ढाकिएको शरीर, सुन्निएका आँखा तर मनभित्रको पीडा लुकाउने असफल प्रयासमा उनी छिन् भन्ने भान हुन्थ्यो । पहिलो नजरमै मलाई उनी हाम्रो संस्थाले तोकेको लक्षित समुदाय अर्थात् 'यौनकर्मी हुन्' भन्ने लागेन । लामो समयदेखि यौनकर्मी महिलासँग काम गर्दै आएको अनुभवले अन्य धेरै व्यवहारमा समेत मैले सिकेको थिएँ– महिलाहरूको पहिचान, श्रेणी, चरित्र, सम्मान: सबै समाजले बनाएका खोल हुन्, वास्तविकता कहिलेकाहीं ती खोलभित्र लुकेर रोइरहेको हुन्छ ।

'म तपाईंको काउन्सिलर हुँ तपाईंले आफ्ना कुरा निर्धक्क मलाई भन्न सक्नुहुनेछ' भन्दै मैले मेरो परिचय टुंग्याएँ । म उनलाई हेरिरहें, उनको अनुहार घोप्टिएको थियो । धेरैबेरको मौनतापछि उनले पहिलो वाक्य निकालिन्, 'मेरो छोरी कति बाँच्छे, मिस ?'

यो केवल एक आमाको प्रश्न थिएन- अपराधग्रस्त महिला, मौन पीडित र एक्लो लडाकुको आवाज थियो ।

समाजले बनाएको सहनशीलताको मापदण्डले रुनुलाई कमजोरी भन्छ, तर मेरो चेतनाले भन्छ– रुन दिनु प्रतिरोधको पहिलो थेरापी हो । काउन्सिलिङको तालिममा समेत 'रुन दिनुपर्छ' भन्ने सिकाइएको हुन्थ्यो । मैले पनि रुन दिएँ । आँसु पुछ्न पटकपटक उनको हातमा 'नेपकिन' थमाएँ । म पनि एक सन्तानको आमा, मेरो सन्तानको भयका कारण उनी अर्को गर्भधारण गर्न चाहँदैन थिइन् । यो निर्णय कमजोरी होइन, आत्मरक्षाको चेतनासम्पन्न निर्णय थियो । तर परिवार, आफन्त र छरछिमेकका लागि यो निर्णय 'अहंकार' वा 'कर्तव्यबाट भाग्ने' व्यवहार जस्तै देखिन्थ्यो ।

म एक्लो अभिभावक त्यतिबेला मैले थप बुझें– आमा हुनुको प्रेम, धर्म र कर्तव्य समाजमा सबैभन्दा ठूलो छ ।

नेपाली सेनामा कार्यरत उनका श्रीमान्ले लामो बिदाबाट फर्केको रात आफू एचआईभी संक्रमित भएको सत्य श्रीमतीमाथि थोपरे । जिम्मेवारीबाट पन्छिँदै केही दिन परिवारसँग बसेर काठमाडौं फर्किए । श्रीमतीलाई न त जानकारी, न तयारी ।

कतिपय ज्ञान स्त्रीको जीवनमा लागू हुन पाउँदैन, जबसम्म पीडा आफ्नै घरभित्र छिर्दैन । उनको चिन्ता आफूभन्दा ज्यादा छोरीमा थियो– महिलाहरू आफ्नो शरीर बिरामी हुँदा पनि पहिलो चिन्ता सन्तानकै गर्छन् । उनीहरू पतिको स्वार्थ, परिवारको प्रतिष्ठा, समाजको मानभन्दा सन्तानको जीवन ठूलो ठान्छन् । यही मातृत्व नै वास्तविक स्त्री शक्ति हो । संक्रमणको कुरा घरमा कसैलाई थाहा हुन पाएन । आमाबुबालाई थाहा हुनुपूर्व उनका श्रीमान्ले घर छोडे । आफू दुईबाहेक अर्को तीनलाई जानकारी दिन उनीहरू डराउँथे । किनकि रोगभन्दा ठूलो लाञ्छना, संक्रमणभन्दा घातक सामाजिक बहिष्कारको अन्त्य हुने छनक कतै देखिँदैनथ्यो ।

समाजले रोगसँग भन्दा स्त्रीसँग लडाइँ गर्छ– उनलाई मौन गराउँछ, दोषारोपण गर्छ, पाप भन्छ । पुरुषले जतिसुकै गल्ती गरे पनि त्यो दोष स्त्रीमा टाँसिन्छ– शरीरमा, चरित्रमा, इज्जतमा ।

उनको जीवन दुई तहको दबाबमा अडिएको थियो– एकातिर समाजले तोकेको मातृत्वको अपेक्षा, अर्कोतिर अदृश्य तर लगातारको डर । श्रीमान् घर आउने-जाने आफ्नै तालमा थिए । उनी भने एउटै घरभित्र बस्दा पनि निरन्तर परीक्षण, आशंका र मौनतासँग बाँधिएकी थिइन् । छोरी हुर्कनु र एचआईभी संक्रमणबाट समेत मुक्त हुनु उनका लागि ठूलो युद्ध जितेजस्तै थियो । यो समाजका लागि एउटी छोरी पर्याप्त थिएन । 'अर्को बच्चा' नजन्माएसम्म उनको स्त्रीत्व अपूर्ण ठहरिन्थ्यो । पटक-पटकको परीक्षणले आफू संक्रमित नभएको प्रमाणित गरिसकेको भए पनि न्यून सम्भावनाको भयले उनको शरीर मात्रै होइन चेतनालाई समेत थिचिरहेको थियो । यही भयका कारण उनी अर्को गर्भधारण गर्न चाहँदैन थिइन् । यो निर्णय कमजोरी होइन, आत्मरक्षाको चेतनासम्पन्न निर्णय थियो । तर परिवार, आफन्त र छरछिमेकका लागि यो निर्णय 'अहंकार' वा 'कर्तव्यबाट भाग्ने' व्यवहार जस्तै देखिन्थ्यो ।

उनको समस्या केवल एचआईभीको होइन, सूचना र जिम्मेवारीको असमान वितरणको हो । आफूलाई संक्रमण भएको सत्य परिवारलाई बताउनुपर्ने आग्रह उनले गरिरहिन्, तर श्रीमान् मौन रहे । पुरुषको मौनता यहाँ शक्ति बनेर उभियो र महिलाको बोल्ने चाहना कमजोरी ठहरियो । यदि पूर्ण ज्ञान सार्वजनिक हुन्थ्यो भने दबाब कम हुन सक्थ्यो भन्ने झिनो आशा उनमा थियो । समाजको दण्डको डरले उनी आफैं अघि बढ्न सकिनन् ।

उनीसँगको भेटघाटपश्चात् मेरो मनमा पनि कैयौं प्रश्न उठिरहन्थे । मेरो पहिलो प्रश्न थियो– किन महिलाको शरीर समाजको निर्णयको थलो बन्ने गर्छ ? आमा बन्ने वा नबन्ने अधिकार महिलाको हो, समाजको होइन । मलाई कहिलेकसो यो पनि लाग्थ्यो- घटेका सबै घटनाको बेलिविस्तार उनले परिवारसमक्ष गर्नुपर्छ । तर, मभित्र यो कुरा हाबी हुन पुग्यो, 'मौनता तोड्नु साहस हो, तर *बाँकी पेज ५ मा*

सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८२ माघ १ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

मकवानपुरको राक्सिराङ देशको छैटौं गरिब स्थानीय तह

○ सहीखबर संवाददाता



मकवानपुर । मकवानपुरको दुर्गम राक्सिराङ गाउँपालिकाका ६५ प्रतिशत मन्दाबढी बासिन्दा गरिबीको रेखामूनि रहेको तथ्यांक सार्वजनिक भएको छ।

राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको 'गरिबीको लघुक्षेत्र अनुमान ०८२' को प्रतिवेदनमा मुलुकमा सबैभन्दा बढी गरिबी दर भएका १० स्थानीय तहमध्ये राक्सिराङ छैठौं स्थानमा परेको छ।

चेपाङ समुदायको बाहुल्यता रहेको राक्सिराङमा २०७८ को जनगणना अनुसार २५ हजार ९ सय ९६ जनसंख्या छ। त्यसमध्ये १७ हजार ६३ (६५.६४) प्रतिशत बासिन्दा गरिबीको रेखामूनि रहेको प्रतिवेदनमा छ।

संघीय र प्रदेश सरकारको पर्याप्त लगानी नहुँदा पालिका बहुआयामिक गरिबीको चपेटामा परेको गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले बताए। 'राक्सिराङ विकटमात्र छैन, बहुआयामिक गरिबीको चपेटामा पनि छ । जहाँ बढी गरिबी छ, त्यहाँ सरकारको बढी लगानी हुनुपर्ने त्यस्तो छैन,' उनले भने।

प्रतिवेदनअनुसार ६५३ पालिकामध्ये सबैभन्दा धेरै जाजरकोटको जुनीचाँदी गाउँपालिकामा ७७ दशमलव ८९ प्रतिशत बासिन्दा गरिबीको रेखामुनि छन् । ०७८ को जनगणनाअनुसार उक्त पालिकामा २३ हजार ७७१ मध्ये १८ हजार ५५१ जना गरिबको रेखामुनि छन् । यसैगरी मुगुको सोरू गाउँपालिकामा ७२ दशमलव ३६ प्रतिशत अर्थात् १० हजार ३३० जना गरिबीको रेखामूनि छन् । दुवै कर्णाली प्रदेशका स्थानीय तह हुन् ।

सुदूरपश्चिमका ६ पालिका गरिब नेपाली रहेको स्थानीय तहको सूचीमा छन् । अछामको ढकारी र बैतडीको सिगास गाउँपालिका तथा अछामकै कमलबजार नगरपालिका गरिब नेपाली रहेको स्थानीय तहको सूचीमा क्रमशः तेस्रो, चौथो र पाँचौ स्थानमा छन् ।

सुदूरपश्चिमकै डोटीको शिखर नगरपालिका र बाजुराको त्रिवेणी नगर पालिका सातौं र आठौं स्थानमा छन् । लुम्बिनीको कपिलवस्तुस्थित कृष्णानगर नगरपालिका र सुदूरपश्चिमको बैतडीस्थित शिवनाथ गाउँपालिका नवौं र दसौं स्थानमा छन् ।

सबैभन्दा कम गरिबीको दर भएका स्थानीय तहको सूचीमा मुस्ताङको घर पम्फोङ गाउँपालिका पहिलो नम्बरमा छ । उक्त गाउँपालिकामा २०७८ को जनगणना अनुसार ३ हजार ७ सय १२ जनसंख्या रहेकोमा १ दशमलव १८ प्रतिशत अर्थात् ४४ जनामात्र गरिबीको रेखामुनि छन् ।

कुल जनसंख्याको २० दशमलव २७ प्रतिशत नागरिक गरिबीको रेखामूनि रहेको नेपालमा पालिका तहसम्म पुग्दा चरम असमानता देखिएको छ ।

स्थानीय तहमा गरिबीको दर १ दशमलव १८ देखि ७७ दशमलव ८९ प्रतिशतसम्म रहेको राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको 'गरिबीको लघुक्षेत्र अनुमान ०८२' को प्रतिवेदनमा उल्लेख छ ।

राष्ट्रिय तथ्यांक कार्यालयका निर्देशक मनोहर घिमिरेका अनुसार वार्षिक ७२ हजार ९०८ रूपैयाँ खर्च गर्न सक्ने सक्षम व्यक्ति गरिबीको रेखामन्दा माथि हुन्छ ।

जिल्लागत रूपमा हेर्दा गरिबीको दर सबैभन्दा धेरै अछाममा ४९ दशमलव ५८ र सबैभन्दा कम कास्कीमा ५ दशमलव ६३ प्रतिशत छ ।

बैतडी, बाजुरा, मुगु, डोटी, कालीकोट, बर्दिया, कपिलवस्तु, बझाङ र रोल्पामा गरिबीको रेखामूनि रहेको जनसंख्या छ । ३४ जिल्लामा गरिबीको दर राष्ट्रिय औसत २० दशमलव २७ प्रतिशतभन्दा कम र ४३ जिल्लाको गरिबी दर राष्ट्रिय औसतभन्दा बढी छ ।

०६८ मा सार्वजनिक नेपालमा गरिबीको लघुक्षेत्र अनुमानमा ५८ नगरपालिकाको गरिबी अनुमान गर्दा सबैभन्दा बढी बर्दियाको गुलरियाको ४९ दशमलव ६ प्रतिशत र सबैभन्दा कम पोखराको १ दशमलव ३ प्रतिशत थियो । त्यतिखेर ७५ जिल्ला रहेकामा सबैभन्दा बढी बाजुरामा ६४ प्रतिशत र सबैभन्दा कम कास्कीमा चार प्रतिशत गरिबी थियो ।

नेपालमा ०३४ बाट गरिबी सर्वेक्षण थाल्दा ३६ प्रतिशत गरिबी थियो । ०४८ मा मने गरिबी ४९ प्रतिशत पुगेको थियो । ०६६/०६७ मा गरिबी २५ दशमलव ३ प्रतिशत गरिबी रहेकामा ०८० मा सार्वजनिक चौथो जीवनस्तर सर्वेक्षणले गरिबीको रेखामूनि २० दशमलव २७ प्रतिशत जनसंख्या रहेको देखाएको थियो ।

राष्ट्रिय योजना आयोगको १५ औं आवधिक योजनाले ०८०/८१ सम्म निरपेक्ष गरिबी १० प्रतिशतमा झार्ने लक्ष्य लिए पनि पूरा हुन सकेन । ०८१ पारित १६औं पञ्चवर्षीय योजनाले मने निरपेक्ष गरिबी ०८५/८६ सम्ममा १३ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ ।

६५३ पालिकामध्ये सबैभन्दा धेरै संख्या काठमाडौं महानगरपालिकामा ५९ हजार २१८ नागरिक गरिबीको रेखामूनि रहेको तथ्यांकले देखाएको छ ।

महानगरमा ८ लाख ६३ हजार चार सय जनसंख्यामध्ये ८ दशमलव ८७ प्रतिशत गरिबीको रेखामूनि रहेको तथ्यांक कार्यालयले जनाएको छ ।

तथ्यांक कार्यालयका निर्देशक घिमिरेले काठमाडौंमा जनसंख्या धेरै भएकाले गरिबीको रेखामुनि रहेको संख्या धेरै देखिए पनि प्रतिशतमा कम रहेको बताए ।

हेटौंडामा पानी परीक्षण प्रयोगशाला

○ सहीखबर संवाददाता



मकवानपुर । संघीय खानेपानी तथा ढल व्यवस्थापन कार्यालय र हेटौंडा खानेपानी व्यवस्थापन बोर्डको संयुक्त लगानीमा निर्माण गरिएको अत्याधुनिक पानी परीक्षण प्रयोगशाला संचालनमा ल्याइएको छ ।

हेटौंडा खानेपानी व्यवस्थापन बोर्डको कार्यालय परिसरमा स्थापना गरिएको प्रयोगशालामा अब गैरसरकारी तथा सरकारी निकायले पानीको गुणस्तर जाँच गर्न पाउने छन् ।

सुरक्षित र गुणस्तरीय खानेपानी नागरिकको आधारभूत अधिकार भएको उल्लेख गर्दै उनले नयाँ र अत्याधुनिक प्रयोगशालाले पानीको गुणस्तर परीक्षणलाई वैज्ञानिक, विश्वसनीय र मापदण्डअनुसार बनाउने विश्वास व्यक्त गरिन् ।

हेटौंडा उपमहानगरपालिकाले नगरवासीलाई स्वच्छ र सफा पानी खुवाउनका लागि प्रयोगशालाको महत्वपूर्ण भूमिका रहने नगरप्रमुख मिना कुमारी लामाले बताइन् ।

बोर्डका कार्यकारी निर्देशकले प्रयोगशालाको प्राविधिक पक्षबारे जानकारी दिँदै प्रारम्भिक चरणमै राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ तथा सोही मापदण्ड कार्यान्वयन तथा अनुगमन निर्देशिका २०७९ अनुसार तोकिएका २८ प्रकारका भौतिक, रासायनिक तथा सूक्ष्म जैविक परीक्षण गरिने जानकारी दिए ।

उनका अनुसार यसअघि बोर्डले २०७५ सालदेखि सामान्य उपकरणमार्फत पानी परीक्षण गर्दै आएको भए पनि अब आधुनिक उपकरणको प्रयोगले परीक्षण नतिजा अझै विश्वसनीय र मापदण्डअनुसार हुनेछ । कार्यक्रममा पत्रकार महासंघ बाग्मती प्रदेशका अध्यक्ष कृष्ण सारू मगरले प्रयोगशालाको स्थापना नागरिक स्वास्थ्य सुरक्षाका लागि महत्त्वपूर्ण उपलब्धि भएको बताए ।

प्रयोगशाला स्थापना तथा उपकरण खरिदका लागि ३० लाख रूपैयाँको लागत अनुमान गरिएकामा बोलपत्र प्रक्रियाबाट काठमाडौंस्थित जेएचएस एनालिटिक कम्पनीले ३२ लाख रूपैयाँमा उपकरण आपूर्ति तथा जडान गरेको थियो ।

यसका अतिरिक्त प्रयोगशालाको पूर्वाधार निर्माण, फर्निचर फिटिङ, मार्बल जडान, विद्युत् कार्य लगायतमा १० लाख रूपैयाँ खर्च गरिएको छ भने आवश्यक केमिकल तथा रसायन खरिदमा ३ लाख ५० हजार रूपैयाँ खर्च भएको बोर्डले जनाएको छ ।

३४ लाख ५० हजार रूपैयाँको लागतमा प्रयोगशाला स्थापना गरिएको हो । जसमा संघीय सरकारबाट ११ लाख र बोर्डबाट २३ लाख ५० हजार रूपैयाँ लगानी गरिएको खानेपानी व्यवस्थापन बोर्डले जनाएको छ

नयाँ प्रयोगशालाबाट हेटौंडा र मकवानपुर जिल्लामा मात्र सीमित नरही छिमेकी जिल्ला तथा मधेश प्रदेशलगायतका क्षेत्रबाट आउने पानीका नमुनाहरूको समेत परीक्षण सेवा उपलब्ध गराइने बोर्डले जनाएको छ ।

हेटौंडामा तिलहरी चरा भेटीयो

मकवानपुर । हेटौंडा उपमहानगरपालिकाको कुखुरेनी र राप्ती खोला क्षेत्रमा एक दर्जन तिलहरी चरा फेला परेका छन्।

शनिबारदेखि हेटौंडाको कुखुरेनी र राप्ती खोलाको दोभानबाट जलपन्छी गणना सुरू गरिएको हो।

कुखुरेनी र राप्ती खोलामा गणना गर्ने क्रममा १२ वटा तिलहरी चरा फेला पारेको वर्ल्ड कन्जरभेसन नेपाल हेटौंडा शाखाका संयोजक विवेक मेहताले बताए। राप्ती खोलामा तिलहरी चराको साथै पानीमा पौडिरहेको 'कमन मर्गेनजर' चरा पनि फेला परेको कोर्डिनेटर मेहताले बताए। दोलखा र रसुवाको हिमाली भेगबाट जाडो छल्न तिलहरी चराहरू यता आएको उनले बताए ।

यही चरा हेर्नका लागि विदेशीहरू पनि हेटौंडा आउने गरेको मेहताले बताए।

यतिबेला हिउँदमा बसाइँ सरेर आउने पानीमा आश्रित चरा गणना भइरहेको छ। चरा गणनामा खटिएको टोलीले शनिबार राप्ती खोलाको सामरी दोभानसम्म पुगेर गणना गरेको छ भने आइतबार हेटौंडा उपमहानगरपालिका ५ स्थित माछापालन क्षेत्रमा गणना गर्ने जनाएको छ । अन्तिम दिन सोमबार कर्रा खोला वरिपरि रहेका जलपन्छी गणना गर्ने महताले बताए ।

तिलहरी चराले बगेको सफा पानी भएको खोलाखोल्साका ढुंगा र ग्रामेलको तल बस्ने साना किरा र त्यसका लार्भा खाने गर्छ । यो चरा भेटिनु मनेको खोलाको पानी प्रदुषित छैन भन्ने बुझिने मेहताले बताए। चरा गणनामा हेटौंडामा २५ जना भन्दा बढी खटिएका छन् ।

मसिनो लामो चुच्चो हुने यो चराको मोटो घाँटीमा माला लगाए जस्तो कालो धर्सो हुन्छ । हिमताल र हिमनदीनजिक गुँड लगाएर बच्चा कोरल्ने यो चरा चिसो बढेपछि आहारा खोज्दै तल झर्ने गर्छ ।

यता हेटौंडा उपमहानगरपालिका ५ माछापालन क्षेत्रमा दुई दर्जन बढी साइबेरियाबाट जाडो छल्न आएका पानी हाँस (जलेवा) फेला परेका छन्। जलपन्छी गणना गर्ने टोलीले आइतबार दूलो खालको जलेवा अर्थात पानी हाँस फेला पारेको हो। साइबेरियाबाट जाडो छल्न र आहाराको खोजीमा पानी हाँस यो क्षेत्रमा आएको वर्ड कन्जरभेसन नेपाल (विसिएन) हेटौंडा शाखाका कोर्डिनेटर विवेक मेहताले बताए। 'यहाँ सानो र दूलो खालको दुई थरीका जलेवा भेटिए,' उनले भने, 'दूलो खालको जलेवा साइबेरियालगायत अरू देशबाट जाडो छल्न र आहाराको खोजीका लागि यहा आएको हो, सानो खालको रैथाने हो ।' हेटौंडा ५ पिप्लेस्थित मत्स्य केन्द्रमा दुई दर्जन भन्दाबढी माछाका पोखरी छन्।

आफ्नो अज्ञानता उजागर गर्न

कविता लेख्छु : मौन आवाज


श्याम बलामी

- नेपाली साहित्यको कविता विधामा प्रयुक्त कला, विचार, मौलिक सौन्दर्य तथा त्यसले स्थापना गर्न खोजेको मूल्य वा दार्शनिक आग्रहले समकालीन समयको सर्वव्यापी चेतनाको प्रतिनिधित्व गरिरहेको छ कि छैन ? छ भने नेपाली कविता उन्नत छ । छैन भने बेकार छ ।
- प्राप्ति र अप्राप्तिको चाहना पनि छैन । लेख्नु मेरो अनिवार्य दायित्व पनि होइन । नलेख्न मलाई कुनै बन्देज पनि छैन ।
- 'यो शताब्दीमा म पनि छु' भन्ने स्व-अस्तित्व बोधको आदर्शमय मान्यतालाई प्रेरणाका रूपमा जीवित राखिराख्न पुस्तक पढ्न पाठकलाई आग्रह ।

चन्द्रागिरि नगरपालिकाको थानकोटमा बसोबास गर्ने मौन आवाज (श्याम बलामी) समकालीन नेपाली कविता आकाशका सशक्त हस्ताक्षर हुन् । वि.सं. २०७१ मा 'यो शताब्दीमा म पनि छु' कविता संग्रह लिएर पाठकमाझ आएका मौन आवाज यतिबेला आफ्नो दोस्रो कृतिको तयारीमा छन् ।

उनी चिहान मासिक, सुन्दर गोरेटो, प्रतिबिम्ब मासिक एवं बलामी आवाजका सम्पादक एवं प्रधान सम्पादक पनि हुन् । साथै, चन्द्रागिरि पत्रकार संघको अध्यक्ष र शोणितपुर मिडिया प्रालिको अध्यक्षको भूमिका निर्वाह गरिरहेका उनै मौन आवाजसँगको कुराकानी :-

तपाईंको लागि कविता के हो ? कविता लेख्दा सबैभन्दा चुनौतीपूर्ण कुरा के हुन् ?

मेरो निम्ति कविता अलिकति आफू कतै छु कि त भनेर छामी हेर्ने प्रयत्न जस्तो लाग्छ ।

आत्मगत एवं मनोगत दुवै दृष्टिबाट कवितामा म अस्तित्व बोधको केही अंश अनुभूत गर्छु । जस्तो कि, पर्याप्त रिक्तताले भरिएको पूर्ण शून्यताको अवस्थामा म कविताको आह्वान गर्छु ।

हृदयले हार मानिरहेको र मस्तिष्क थाकिरहेको बेलामा म कविता लेख्छु र कुनै अलौकिक ऊर्जा प्राप्त गर्छु । मेरो लागि कविता सत्यताको खोजीको काल्पनिक यात्रा हो जस्तो लाग्छ । म आत्मरति पूरा गर्न र आफ्नो अज्ञानता उजागर गर्न कविता लेख्छु ।

म आफ्नो निजी कुण्ठा, तृष्णा, अप्राप्ति शान्त पार्न साथै आफ्नो भावनाको अतिरिक्त नग्नता छोप्न अक्षर को सहारा लिन्छु र कविता लेख्छु । हुन त म, मजस्तै एउटा अर्को मान्छेको लागि पनि कविता लेख्ने प्रयास गर्छु ।

कविताको परिभाषाको सन्दर्भमा मलाई के लाग्छ भने, जसरी जिन्दगीको कुनै एक निश्चित परिभाषा हुँदैन, त्यस्तै कविताको पनि कुनै निश्चित र सार्वभौम परिभाषा हुँदैन । कविता लेखनका चुनौतीको विषयमा कविको मनोदशा, काल, परिवेश तथा स्थान अन्तर्गतको वातावरणमा निर्भर रहन्छ जस्तो लाग्छ ।

कविताको दुनियाँमा कसरी आइपुग्नु भयो ? आफ्नो यात्राबारे केही बताइदिनु न ?

राम्रो प्रश्न सोध्नुभयो । कविताको दुनियाँ ! आहा क्या गज्जब प्रश्न ! म जीवनकै बाटो हिँडेर कविताको दुनियाँमा आएको हुँ । फर्केर हेर्दा केही नदेखिने भएपछि, पोखिएको समेट्न नसकिने भएपछि र दुखिरहने घाउ तथा केही चोटपटकहरुको उपचारका लागि म कविताको दुनियाँमा आएको हुँ ।

ब्रह्मा, ब्रह्माण्ड, जीवन मृत्यु, अस्तित्व, अ-अस्तित्व, वाद, विचार, दर्शन लगायत गज्याङमज्याङ चिन्तनले निकास खोजेको बेला जीवनको कठोर बाटोबाट म कविताको दुनियाँमा आएको हुँ । मेरो कविता लेखनको यात्रा शून्य प्राप्तिको यात्रा भएको हुनाले यो प्रश्नको जबाफमा म मौन रहन चाहन्छु ।

तपाईं कविता किन लेख्नु हुन्छ ? कविता लेखनका कुनै उद्देश्य छन् कि ?

म कविता अथवा जुनसुकै रचना, सिर्जनाको उद्देश्य हुनुपर्छ भन्ने नै ठान्ने मान्छे हुँ । यद्यपि, म उद्देश्यद्वारा ग्रस्त भएर कविता लेख्दिनँ वा लेख्न सक्दिनँ । म सायद मेरै मनो चिन्तनद्वारा श्रापित छु । त्यसैले निरूद्देश्य कविता लेख्न अभिसप्त छु ।

मलाई लाग्छ, लेखनमा उद्देश्य जोडिनु योजनाबद्ध षड्यन्त्र हो । निर्दिष्ट विचारधारात्मक प्रस्तावनाद्वारा लेखिने साहित्यले अन्ततः एउटा निश्चित वर्गको मात्रै पक्षपोषण गर्छ । म कविता किन लेख्छु र मेरो कविता लेखनको उद्देश्य के हो भन्ने जुन तपाईंको प्रश्न हो, त्यो मेरो पनि प्रश्न हो ।

यो समाजलाई कविताको आवश्यकता किन छ ? कविताको शक्तिलाई तपाईं कसरी व्याख्या गर्नुहुन्छ ?

जुनसुकै समाजको एउटा जीवन्त भाषा हुन्छ । त्यो भाषा, साहित्य हो । मानव सभ्यताको इतिहासमा समाज निर्माणको प्रमुख दस्तावेज नै साहित्य हो । समाज व्यवस्थामा प्रचलित परम्परा तथा संस्कृतिको जगको रुपमा विकास भएका लिखित अलिखित लोकसाहित्य नै आजको समुन्नत सांस्कृतिक सम्पदा हो ।

आदिम युगदेखि अहिलेसम्मको समाजयात्रामा हामीले प्राप्त गरेका सबै आत्मिक, भावनात्मक र सामूहिक सम्बन्ध सुदृढीकरणको सेतु साहित्य कै योगदान हो ।

विडम्बना ! दक्षिण एसियाली देशहरुले बिस्तारै आफ्नो समाज साहित्यको मौलिक चरित्र बिर्सिँदै गएको हुनाले यी देशहरु अस्तित्व सङ्कटमा छन् । भाइचारा, बन्धुत्व र पारिवारिक सम्बन्ध जटिल बन्दै गएको छ । मेरो निष्कर्ष के हो भने नेपाली समाजले छलफल गर्नुपर्ने र पुनर्विचार गर्नुपर्ने थुप्रै विषय देखा परेका छन् । मुलुकको राजनीतिक प्रणालीदेखि संविधानमा उल्लेखित प्रावधानहरु समेतको पुनर्संरचना आवश्यक देखिएको छ । यद्यपि, अहिलेको सबैभन्दा महत्त्वपूर्ण विषय नेपाली साहित्यले बिराएको बाटो सच्याउनु पनि हो ।

समकालीन नेपाली कविताको अवस्था यहाँले कस्तो देख्नुभएको छ ?

समकालीन शब्दको अर्थ सीमितता हो कि असीमितता ? समकालीन सन्दर्भमित्र समग्र वैश्विक घटना एवं दुर्घटनाहरु, युद्ध, हिंसा, कुपोषण, विज्ञान, प्रविधि, आविष्कार तथा दर्शन निर्माणको चेष्टा समेटिन्छ कि समेटिँदैन ?

अर्थात् नेपाली साहित्यको कविता विधामा प्रयुक्त कला, विचार, मौलिक सौन्दर्य तथा त्यसले स्थापना गर्न खोजेको मूल्य वा दार्शनिक आग्रहले समकालीन समयको सर्वव्यापी चेतनाको प्रतिनिधित्व गरिरहेको छ कि छैन ? छ भने नेपाली कविता उन्नत छ । छैन भने बेकार छ !

अन्तिम पटक कुन कृति पढ्नु भएको थियो ? यो कृति कस्तो थियो ? यसबारे हाम्रा पाठकलाई केही बताइदिनु न ।

अन्तिम पटक अर्थात् त्यसपछि नपढ्नेगरि कुनै कृति पढेको छैन (मरि नसक्या भएर) । तथापि, पढ्दै गरेका र फेरि दोहोऱ्याएर पढेका पुस्तकहरु असङ्ख्य छन् । लोलिता, गीता, बाइबल, कामसूत्र, कम्युनिस्ट मेनिफिस्टो, चाणक्यको अर्थशास्त्र, नेपालको संविधान, सिद्धार्थ र मैले देखेको नेपाल पढ्दै दोहोऱ्याउँदै आएका पुस्तकहरु हुन् । यीमध्ये औपन्यासिक कृति सिद्धार्थले मलाई दुईवटा अर्थले आकर्षित गरेको थियो, छ ।

पहिलो, बुद्ध दर्शनको समानान्तर दृष्टिकोणको फरक प्रस्तुति तथा उच्च साहित्यिक मूल्यसहितको एक नवीन प्रस्तावना । दोस्रो, अलिकति डरलाग्दो पक्ष, पश्चिमा विस्तारवादको चर्को, तर नसुनिने ध्वनिसहितको नियमित अतिक्रमण कै निरन्तरता ! (पूर्वीय संस्कृतिको सनातन चिन्तनमाथि) यो मेरो निजी र गलत बुझाइ पनि हुनसक्छ । यद्यपि, विमर्श गर्न सकिन्छ ।

आफूलाई झक्झकाएको कम्तीमा कुनै एउटा साहित्यिक कृतिलाई सम्झिनपऱ्यो भने तपाईं कुन कृतिलाई सम्झिनु हुन्छ र किन ?

बीपी, ध्रुवचन्द्र गौतम, अविनाश श्रेष्ठ, कुमार नगरकोटी, आहुति, नारायण ढकाल, हरि अधिकारी, प्रेमा शाह, पारिजातलगायतको प्रायः पुस्तकले प्रभावित पारेका छन् । शंकर लामिछाने पनि मनपर्छ । अरु धेरै वा सबै जसले नेपाली मौलिक लेखनको परम्परामा अन्तर्राष्ट्रियस्तरको दृष्टिकोण खडा गरेका छन् । लक्ष्मी प्रसाद देवकोटा अलिकति विशेष लाग्छ । त्यस्तै, समकालीन साहित्य विधाका विविध प्रयोगात्मक रूचि परेका पुस्तकहरु पनि म्याएसम्म (पैसाले) पढ्ने गरेको छु । खास त्यस्तो एउटै मात्र पुस्तक मन परेको अथवा सम्झिरहन लायक भेट्टाएको छैन ।

लेखेर हालसम्म पाएको वा गुमाएको कुरा के हो ?

मैले अहिलेसम्म लेखेर अपूरणीय केही गुमाएको वा अविस्मरणीय केही पाएको छैन । प्राप्ति र अप्राप्तिको चाहना पनि छैन । लेख्नु मेरो अनिवार्य दायित्व पनि होइन । नलेख्न मलाई कुनै बन्देज पनि छैन । यति भएर पनि केही मानवीय त्रुटि एवं चिन्तनगत गडबडीका कारण केही पाएको जस्तो, केही गुमाएको जस्तो अमूर्त अनुभूति भने भइरहने रैछ ।

अबचाहिँ कुरा यहाँको पछिल्लो कृति 'यो शताब्दीमा म पनि छुँ तिर मोडौं । पाठकले यो कृति किन पढ्नुपर्छ जस्तो यहाँलाई लाग्छ ?

प्रकृतिलाई छोडेर कुनै पनि कृति पढ्नैपर्छ भन्ने अनिवार्य सर्त हुँदैन । कस्ता कस्ता ज्ञान विज्ञान र दर्शनका पुस्तक नपढेर त भएको छ भने मेरो उक्त पुस्तक पढ्नैपर्छ भनेर सिफारिस गर्न मसँग यथोचित आधार छैन ।

यद्यपि, 'यो शताब्दीमा म पनि छु' भन्ने स्व-अस्तित्व बोधको आदर्शमय मान्यतालाई प्रेरणाका रुपमा जीवित राखिराख्न उक्त पुस्तक खोजेर पढ्न म पाठकलाई आग्रह गर्छु । तर, यो सत्य हो कि त्यो पुस्तक बजारमा पाइँदैन । *रमा सुवेदीले रातोपाटीको लागि लिनु भएको अन्तर्वार्ता हामीले साभार गरेका हौं - स.*

खैरहनीमा ११ औं खिचरा महोत्सव सुरू



○सहीखर संवाददाता

चितवन । थारू कला संस्कृति संरक्षण गर्न मंगलबारदेखि चितवनको खैरहनीमा ११औं खिचरा महोत्सव २०८२' सुरू भएको छ ।

खैरहनी ५ गौचरनमा सुरू भएको खिचरा महोत्सवको बागमती प्रदेश सरकारका कृषि तथा पशुपन्छी विकास मन्त्री मधुसूदन पौडेलले समुद्घाटन गरेका छन् ।

मन्त्री पौडेलले थारू समुदायको महत्वपूर्ण चाड माघी एखिचरा० पर्वको संरक्षण गर्न महोत्सव नै आयोजना गर्नु सकरात्मक कदम भएको बताएका छन् । उनले कृषिसँग घनिष्ठ सम्बन्ध रहेको थारू समुदायको उत्थानका लागि प्रदेश सरकार सदैव तयार रहेको बताए ।

"आफ्नो संस्कृति नयाँ पुस्तालाई सिकाउनु आवश्यक छ । कृषि मन्त्रालयको तर्फबाट थारू समुदायको कृषि पद्धतिलाई कसरी अझ राम्रो र आधुनिक बनाउन सकिन्छ, त्यसका लागि बागमती प्रदेश सरकारले विशेष सहयोग गर्नेछ," मन्त्री पौडेलले भने ।

सम्बोधनका क्रममा मन्त्री पौडेलले भदौ २३ को आन्दोलनलाई युवा विद्रोहको रुपमा व्याख्या गरे । तर, सोही आन्दोलनलाई दुरूपयोग गरेर २४ गते देश जलाउने काम भएको भन्दै उनले आक्रोश व्यक्त गरे । "युवा विद्रोहलाई दुरूपयोग गरेर हिंसा मच्चाउने र देश जलाउने तत्वहरुलाई जनताले चिन्न जरूरी छ," उनले थपे ।

थारू कल्याणकारिणी सभा चितवन क्षेत्र नं।७ ले आयोजना गरेको महोत्सव माघ १० गतेसम्म चल्ने छ ।

महोत्सव समुद्घाटन अघि झाकी सहितको शोभा यात्रा निकालिएको थियो । चितवनका थारू समुदायले खिचरा पर्वलाई नयाँ वर्षको रूपमा मनाउने गरेका छन् । थारु समुदायको सांस्कृतिक, वेषभूषा, भाषा साहित्य, कला संस्कृति एवं थारु खानाका परिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको महोत्सव मूल समारोह समितिका संयोजक कृष्णलाल चौधरीले जानकारी दिए।

'राष्ट्रिय एकता र विविधता हाम्रो शान, बहुजाति, भाषा, संस्कृति नेपालको पहिचान' भन्ने मूल नाराका साथ आयोजना गर्न लागिएको महोत्सवमा एक सय ५० स्टल रहेका छन् ।

महोत्सवमा उद्योग, व्यापार, कृषि तथा पर्यटनको प्रवर्द्धन, स्थानीय कला संस्कृतिको प्रवर्द्धन, स्थानीय स्तरमा उत्पादित वस्तुको प्रवर्द्धन एवं शैक्षिक, वित्तीय संस्था र विभिन्न संघसंस्थाका स्टल रहेको छ ।

यस्तै महोत्सव परिसरमा थारू कलासंस्कृति झल्किने आर्ट ग्यालरी समेत निर्माण गरिएको छ ।

सांस्कृतिक शीतलहर..

त्यो साहस एक्लै महिलाबाट मात्रै अपेक्षा गर्नु स्वयं अन्याय हो ।' उनी मसँगको काउन्सिलिङमा आइरहिन् । नियमित जाँच गराइरहिन् । मलाई लाग्थ्यो, मसँग बोल्दा उनी केही राहत महसुस गर्थिन् । हाम्रो संवाद–क्लिनिकल काउन्सिलिङभन्दा बढी स्त्री-सिस्टरहुडमा बदलियो । मैले आफू कार्यरत संस्थासँगको सहकार्य टुंग्याए पनि हामी निरन्तर संवादमा रहन्थ्यौं । आज पनि म उनलाई सम्झन्छु । मेरो स्मृतिमा उनी सधैं बाँचिरहनेछिन् । साँच्चै, शीतलहरको त्यो कठोर मौसमभन्दा बढी कठोर त नारीलाई छोप्ने मौनताको, पीडाको, असमानताको 'सांस्कृतिक शीतलहर' रहेछ, जो वर्षौंसम्म तातिँदैन, वर्षौंसम्म देखिँदैन ।

यो कथा उनको व्यक्तिगत पीडा होइन, हजारौं नारीको सामूहिक जीवित-इतिहास हो । नारीहरूले रोगसँग मात्रै होइन समाज, मौनता, आरोप, संरचना, पितृसत्ता र लाञ्छनासँग पनि लड्नुपर्ने बाध्यता छ । उनले आफूलाई मात्रै नभई सन्तानलाई प्राथमिकतामा राखिन् । उनी गोप्य पीडा बोकेर बाँचिरहेकी थिइन् ।

यसरी गोप्य पीडा बोकेर बाँच्नु भनेको नारीको कर्तव्य होइन, समाजले थोपरेको दमन मात्रै हो । एचआईभीले होइन, यो समाजले उनको जीवन र आत्मविश्वासलाई संक्रमित बनाएको थियो । आउँदा कति वर्षसम्म नारीहरूले यो संक्रमणको सिकार हुनुपर्छ ? यकिनसँग भन्न सकिँदैन ।

एचआईभी प्रभावित महिलाको सामाजिक जीवन असाध्यै चुनौतीपूर्ण हुन्छ । त्यहाँ हुन्छन्: भेदभाव र सामाजिक बहिष्कारका शृंखला अनि मनोवैज्ञानिक दबाब र आर्थिक कठिनाइ । तर, आत्म-जागरणले तिनलाई जीवनको गहिरो अर्थबोध गर्न सघाउँछ । साहस, उपचार र जागरुकताले उनीहरूमा नयाँ उत्साह थप्छ । स्त्रीलाई 'लुकाउ, सह, चुप बस' भन्ने समाजमा प्रतिरोध गरेर बोल्नु नै क्रान्तिको सुरुवात हो भनेर हामीले हाम्रा छोरीहरूलाई सिकाउने मात्रै होइन, स्वयंले बोल्न पनि बियाँलो गर्नु हुँदैन।

● *कान्तिपुरबाट*

घटना दर्ता सम्बन्धी सूचना

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ ।

सबैलाई घटना भएको ३५ दिन भित्र आ आफ्नो वडामा दर्ताको लागि अनुरोध छ ।

अध्यक्ष: हिदम लामा

भिमफेदी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

अलपत्र सडक विस्तारको योजना, पेसी सरेको सरेझैं

○सहीखर संवाददाता

मकवानपुर । हेटौंडाको मुख्य बजार क्षेत्रको २५ मिटर सडक विस्तारविरूद्ध सर्वोच्च अदालतमा दायर रिट मंगलबार पनि 'हेर्न नम्याइने' सूचीमा परेको छ।

न्यायाधीशद्वय नहकुल सुवेदी र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासमा सुनवाई तय भएको रिट हेर्न नम्याइनेमा परेको हो ।

मुद्दाको अर्को पेशी माघ ६ गतेलाई तोकिएको छ । पेसी तोकेको पाचौं पटकसम्म हेर्न नम्याइने र नमिल्ने सूचीमा परेको छ । यसअघि पुस २०, पुस १३, पुस ६ र पुस ३ गतेको पेसी पनि हेर्न नम्याइने र नमिल्ने सूचीमा परेको थियो । सडक विस्तारका क्रममा आफ्नो घरजग्गा र सम्पत्तिको सुरक्षाको माग गर्दै विन्दवासिनी कंसाकारसहितका स्थानीयले सर्वोच्चमा रिट दायर गरेका थिए ।

डिभिजन सडक कार्यालय हेटौंडा, हेटौंडा उपमहानगरपालिका र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय लगायतलाई विपक्षी बनाएर दर्ता गरिएको मुद्दामा गत मंसिर १९ गते न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले विपक्षीका नाममा 'कारण देखाऊ आदेश' जारी गरेको थियो ।

सर्वोच्चले सडक विस्तारको कार्य तत्काल



अघि नबढाउन 'अल्पकालीन अन्तरिम आदेश' समेत दिएको थियो । सोही आदेशको निरन्तरता र अन्तरिम आदेशको विषयमा छलफल गर्न पटक/पटक पेसी तोकिए पनि 'हेर्न नम्याइने' तथा 'हेर्न नमिल्ने' सूचीमा पर्दै आएको छ ।

हेटौंडा बजारको २५ मिटर सडक विस्तार गर्ने योजना अनुसार मंसिर २० मा बजार क्षेत्रका घर तथा ढहरा भत्काइएको थियो । उक्त कार्यकोविरूद्धमा कंसाकारलगायतका स्थानीय सर्वोच्च पुगेका थिए । उक्त मुद्दामा रिट निवेदकहरुले उचित मुआब्जा र कानुनी प्रक्रिया पूरा नगरी व्यक्तिगत सम्पत्तिमा क्षति पुऱ्याउन नहुने जिकिर गर्दै आएका छन् ।

हेटौंडाको मुख्य बजार क्षेत्रको २५/२५ मिटर सडक विस्तारका क्रममा मंसिर २० गते रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुल (महेन्द्र राजमार्ग) र बुद्धचोकदेखि चौकीढोल (त्रिभुवन राजपथ)सम्मको ९ दशमलव ५ किलोमिटरको सडक सीमामित्र परेका पाँच सयभन्दा बढी घर ढहरा डिभिजन सडक कार्यालयले घर भत्काएका कारणले हेटौंडाको मुख्य बजार अहिले अस्तव्यस्त छ ।

सडक डिभिजन कार्यालय हेटौंडाले कानुनी जटिलताका कारण सडक विस्तार तथा व्यवस्थापनको काममा अघि बढ्न सक्ने अवस्था नरहेको जनाएको छ । सडक डिभिजन प्रमुख गुरूप्रसाद अधिकारीले सर्वोच्चको आदेश नआएसम्म कार्यालय 'हात बाँधेर बस्न' बाध्य भएको बताए ।

सडक डिभिजन हेटौंडाले एसियन हाइवे निर्माणका लागि हेटौंडाको मुख्य बजार क्षेत्रमा निर्मित घरढहरा र संरचना हटाएर सडक विस्तार कार्य मंसिर २० गतेदेखि सुरू गरेर अहिले अदालतको आदेश कुरेर सडक विभाग बसिरहेको छ ।

सडकको केन्द्रबिन्दुबाट २५/२५ गजभित्र सडकको दायातर्फ ३ सय ३४ वटा र बायातर्फ ३ सय ९७ वटा घरढहरा र संरचना भत्काउनु पर्ने सूची रहेको छ । त्यसमध्ये अहिले करिब ५ सय संरचना भत्काउने काम भइसकेको छ ।

देवघाटधाममा मकर काव्य यामिनीको २३ औं शृखला

देवघाटधाम ।

"सतत झुमिरहेझैं मोह मायाविनीमा,
अनवरत डुबेझैं भाव मन्दाकिनीमा ।
हृदयरस पगाल्ने भावकी मोहिनीमा,
सहृदयसँग मिल्दै पाल्नुहोस् यामिनीमा ।"

तनहुँ,चितवन र नवलपरासी (नवलपुर) को संगमस्थल प्रसिद्ध धार्मिकस्थल देवघाटधाममा 'मकर काव्य यामिनी' २३ औं शृखला बुधबार राति भएको छ । देवघाट क्षेत्रको तनहुँ जिल्लामा अवस्थित 'महेश संस्कृत विद्यापिठ गुरूकुलम्' को आयोजनामा बुधबार साँझ 'मकर काव्य यामिनी' को २३ औं शृखलाको नियमित आयोजना गरिएको हो ।

मकर संक्रान्तिको पूर्व सन्ध्यामा सञ्चालन हुने भएकाले यस कार्यक्रमको नाम मकर काव्य यामिनी राखिएको आयोजक संस्थाले जनाएको छ । मकर काव्य यामिनी २०८२ प्राडा भागवत शर्माको प्रमुख आतिथ्य तथा कवि मनु मञ्जीलको विशेष उपस्थितिमा सुरू गरिएको थियो ।

राष्ट्रियस्तरका कवि, साहित्यकार तथा विशिष्ट विद्वान्हरुको उपस्थिति रहँदै आएको कार्यक्रम हरेक वर्ष पुस महिनाको अन्तिम साँझबाट माघको बिहानसम्म सञ्चालन गर्ने गरिएको छ ।

यसका साथै यामिनीमा चितवन, मकवानपुर, कास्की, नवलपरासी, काठमाडौं तथा देशका विभिन्न स्थानका काव्यसाधकहरुको सहभागिता रहने गरेको छ ।

"देवघाट महाकाव्य" "म र मेरा" र "महापुरूष" का स्रष्टा निराजन पन्त, छन्दकवि सुदेश सत्याल, कवि नगाधिराज, कवि तथा गजलकार लगायतका स्रष्टा मकर काव्य यामिनीका प्रतिनिधि हुन् ।

चितवन, नवलपरासी र तनहुँको संगम वेणीमा माघ १ गतेको अघिल्लो रात श्रद्धालुले भजनकीर्तन गर्दै जागा बसेर माघको पहिलो उषामा देवघाट स्नान गर्ने चलन छ।

तिनै मध्येका काव्यपारखीलाई रातभर काव्यको आनन्द दिलाउनका लागि 'काव्य यामिनी' आयोजना गरिँदै आएको महेश संस्कृत गुरुकुलमले जनाएको छ ।

माघ १ गते देवघाटमा माघेसङ्क्रान्ति मेलामा तीर्थस्नान गर्नुपूर्व अघिल्लो रात काव्यपान गर्न पाउनुलाई सुअवसरका रूपमा लिने गरिएको छ ।

देवघाट धार्मिक, आध्यात्मिक र शैक्षिक क्षेत्रका साथसाथै साहित्यिक क्षेत्रको उर्वर भूमिका रुपमा परिचित गराउन मकर काव्य यामिनी सफल भएको छ ।

२०६० सालबाट निरन्तर सञ्चालन भइरहेको मकर काव्य यामिनी राष्ट्रियस्तरको काव्यिक महोत्सव हो ।

मधुमेह (डायबिटिज) रोगबाट बचौं

मधुमेहले, ❖ शरीरका विभिन्न अंगमा क्षति पुयाउने,
❖ मुटु र मिर्गौलाले काम नगर्ने,
❖ अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

त्यसैले मधुमेहबाट बच्न

❖ शरीरको तौल सन्तुलित राखौ
❖ चिल्लो तथा चिनीजन्य परिकार कम खाओ,
❖ जङ्क फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं ❖ धुम्रपान, मद्यपान नगरौ, नियमित व्यायाम गरौ,
❖ रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाज,
❖ प्रशोधित खानाहरु नखाऔं,
❖ तनाव यवस्थापन गरौ,
❖ नियमित स्वास्थ्य परीक्षण गरौं ।

मकवानपुरगढी गाउँपालिका,मकवानपुर

जाडोबाट बच्ने उपाय

❖ जाडो मौसममा शितलहर, हिमपात, हुस्सु तथा कुहिरो लाग्न सक्ने हुँदा अत्यधिक चिसो हुन सक्छ।
❖ चिसोको कारण प्रदूषण बढ्ने गर्छ ।
❖ चिसो तथा प्रदूषणको कारण रुघा, खोकी, ज्वरो, सास फेर्न गाह्रो हुने तथा दम बढ्ने समस्या हुन सक्छ ।
❖ चिसो तथा प्रदूषणले मुटु, फोक्सो, मस्तिष्कलगायतका अङ्गमा गम्भीर असर पुग्न सक्छ ।
❖ बालबालिका, बुद्धबुद्धा, गर्भवती महिला तथा दमका विरामीलाई गम्भीर असर पार्न सक्ने हुँदा धुलो, धुँवा तथा चिसोबाट बचौं र बचाऔं ।
❖ सक्केसम्म घरभित्रै बसौं, निस्कनैपर्ने भए न्यानो कपडा लगाएरमात्र निस्कौं ।

कुनै समस्या परे चिकित्सकसंग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड